# दुर्गा भगवती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## गंगा पिपरा,रौतहट
## मधेश प्रदेश,नेपाल

पत्र संख्या :- २०८२।०८३
चलानी नं.

सूचना ! सूचना !! सूचना !!!

**पद तथा सिटरोल दर्ता सम्बन्धि सूचना**
**सूचना प्रकाशन मिति २०८२/०९/२०**

श्री स्थायी सेवामा कार्यरत कर्मचारी सबै,
(दुर्गा भगवती गा.पा. वडा नं. १ देखि ५ सम्मका स्वास्थ्य सेवा समेत),
दुर्गा भगवती गाउँपालिका, रौतहट ।

प्रस्तुत विषयमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, जनकपुरधाम, धनुषाको प.स. २०८२/०८३ च.नं. ६२१ मिति २०८२/०९/११ गतेको प्राप्त पत्रनुसार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय किताबखाना (निजामती) र प्रदेश सरकारसँग कर्मचारी सूचना प्रणालि (PIS Portal) हस्तानतरण सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर भएको व्यहोरा अवगत भई (**PIS Portal**) सम्बन्धी अभिलेख राख्ने जिम्मेवारी प्रदेश सरकारमा रहेको हुनाले स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ बमोजिम स्थानीय तहको संगठन तथा पद दर्ता एवं कर्मचारीको अभिलेख राख्ने जिम्मेवारी समेत प्रदेश कार्यालयमा नै निहित रहेको र सो को विवरण अधावधिक गर्न यस कार्यालयबाट माग गरिएकोले यस गा.पा. अन्तर्गत कार्यरत रहनु भएका **स्थायी (साविक संघ/स्थानीय सेवा र अन्य सेवा समेत)** कर्मचारीहरुले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र यस गा.पा. को प्रशासन शाखामा विवरण बुझाउनुहुन जानकारी गराईन्छ ।

तपसिल :-

- सिटरोल दर्ता गरिदिने भन्ने व्यहोराको निवेदन ।
- कार्यालय प्रमुखबाट प्रमाणित सिटरोल र फोटो प्रमाणित - १ प्रति ।
- शुरुको स्थायी नियुक्त देखि हालसम्मको सम्पूर्ण कागाजतहरुको १/१ प्रति प्रमाणित प्रतिलिपि ।
- समायोजन ऐन अनुसार समायोजन भएको पत्र ।
- शपथग्रहरणको प्रमाणपत्र र निरोगिताको प्रमाणपत्र ।
- नेपाली नागरिकताको प्रमाणपत्र ।
- पद सँग सम्बन्धित सबै तहका शैक्षिक योग्यता तथा तालिम सम्बन्धी प्रमाणपत्रहरु ।
- नागरिकता भन्दा फरक स्थायी ठेगाना सिटरोलमा उल्लेख गरेकोमा बसाई सराई प्रमाणपत्र वा महिलाको हकमा विवाहदर्ता प्रमाणपत्र ।
- प्रमाण पत्रहरुमा नाम,थर,ठेगाना र जन्ममिति फरक परेमा सम्बन्धित स्थानीय निकाय वा जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र ।

२०८२/०९/२०
मनिष झा
प्रमुख प्रशासकीय अधिकृत